# दित्तेल रुपाकोट मझुवागढी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः २ मितिः १ श्रावण, २०८० साल

# भाग-१

## दित्तेल रुपाकोट मझुवागढी नगरपालिकाद्वारा प्रकाशित

## दित्तेल रुपाकोट मझुवागढी नगरपालिकाको विनियोजन ऐन, २०८०

दित्तेल रुपाकोट मझुवागढी नगरपालिकाको आर्थिक बर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन।

**प्रस्तावना:** दित्तेल रुपाकोट मझुवागढी नगरपालिकाको आर्थिक बर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम दित्तेल रुपाकोट मझुवागढी नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "**दित्तेल रुपाकोट मझुवागढी नगरपालिकाको विनियोजन ऐन, २०८०**" जरहेको छ ।

(२) यो ऐन आर्थिक बर्ष २०८०।०८१ को प्रारम्भबाट लागू हुनेछ ।

**२. आर्थिक वर्ष २०८०।०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८०।०८१ को निमित्त नगर कार्यपालिका, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ९८,०६,५७,०००।०० (अक्षरेपी अन्ठानब्बे करोड छ लाख सन्ताउन्न हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०।०८१ को निमित्त दित्तेल रुपाकोट

मझुवागढी नगरपालिका नगर कार्यपालिका र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा जुन शीर्षकमा रकम सार्ने हो सो शीर्षकको जम्मा रकमको पच्चीस प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर, चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट कुनै एक वा एक भन्दा बढी शीर्षकमा स्वीकृत रकमको पच्चीस प्रतिशत भन्दा बढ्ने गरी रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूची १**
**(दफा २ संग सम्बन्धित)**
**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**
**संचित कोषबाट विनियोजन हुने रकम**

रु. हजारमा

| क्र.स. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| २ | | नगर कार्यपालिका | १९३७०७ | ४९०५६ | | **२४२७६३** |
| ३ | | वडा समिति | १६१०० | ५५०५० | | **७११५०** |
| | | जम्मा | २०९८०७ | १०४१०६ | | **३१३९१३** |
| ४ | | संघीय सशर्त अनुदान | ४७५००० | ६०९०० | | **५३५९००** |
| ५ | | संघीय समपूरक अनुदान | ० | ९००० | | **९०००** |
| ६ | | संघीय विशेष अनुदान | ० | १३५०० | | **१३५००** |
| ७ | | प्रदेश सशर्त अनुदान | ३६७५ | १४१६९ | | **१७८४४** |
| ८ | | प्रदेश समपूरक अनुदान | ० | १३००० | | **१३०००** |
| ९ | | अनिवार्य दायित्व | | ७७५०० | | **७७५००** |
| | | **कुल जम्मा** | **६८८४८२** | **२९२१७५** | | **९८०६५७** |

**प्रमाणीकरण मिति : २०८०।०३।२५**

**आज्ञाले,**
**राज कुमार राई**
**नि. प्रमुख प्रशासकीय अधिकृत**